

# तल्लो खारे खोला जलविद्युत खबर

कार्तिक २०७७, अंक ३८

## आयोजनाको हालको निर्माण अवस्था

तल्लो खारे खोला जलविद्युत आयोजनाको निर्माण कार्य निरन्तर रुपमा अघि बढिरहेको अवस्थामा Covid – 19 को कारणले यस आयोजना क्षेत्रमा कोरोना बाट जोगिनको लागि उच्च सतर्कता अपनाई आयोजनाको निर्माण कार्य निरन्तर रुपमा भई ९८.६ प्रतिशत निर्माण कार्य सम्पन्न भईसकेको छ । बाढीले गर्दा Weir, Intake र Approach canal मा ढुंगा र बालुवा थुप्रिएको थियो जसलाई हटाउने काम सुरु भईसकेको छ ।



**Desander को कार्य सम्पन्न भईसकेको ।**

हाल सम्म तल्लो खारे खोला जलविद्युत आयोजनाको हेडवर्क्स तर्फ सिभिल संरचनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न भईसकेको थियो र सम्पन्न भएको संरचनाहरुको Testing पनि भईसकेको थियो । त्यसैगरी हेडवर्क्स तर्फको हाइड्रो-मेकानिकल वर्क्स अर्न्तगतको Undersluice gate, Intake gate, Gravel trap gate, Desander gate र Flushing gate लगायत सम्पूर्ण काम सम्पन्न गरि testing समेत भईसकेको थियो तर उक्त बाढीले गर्दा पेन्स्टक पाइपको (Anchor block AB1 – AB2) Protection wall मा पनि क्षति पुगेको थियो जसको मर्मत सम्भारको लागी Survey गरी पुन: Protection को लागी निर्माणको तयारी भईरहेको छ । बाढीले गर्दा पेन्स्टक पाईपको मार्गमा क्षति भएको छ । हाल त्यहाँको बाटोहरु पनि गौरीशंकर गाँउपालीकाको मातहतमा संयुक्त हाइड्रोहरुको लगानीमा मर्मत कार्य सम्पन्न भईसकेको छ ।

हाल सम्म पेन्स्टक पाईपको सम्पूर्ण कार्य सम्पन्न भई Dry test समेत भईसकेको छ र Wet testing को लागी तयारी भईरहेको छ ।



**पावर हाउसको मेसिन फ्लोर ।**

बाढीले क्षति भएको पावर हाउस क्षेत्रको Machine हरुको मर्मत कार्य सुरु भईसकेको छ । नयाँ खरिद गर्नु पर्ने उपकरणहरुको बारेमा पनि अध्ययन गरि चाँडैनै खरिद प्रक्रिया अगाडि बढाइने छ । क्षति ग्रस्त उपकरणहरुको बिमाको भुक्तानीको लागी बिमा कम्पनी सँग छलफल भईसकेको छ ।



**Tower erection को निर्माण कार्य भईरहेको ।**

आयोजनाको १३२ के.भी Transmission line को कार्य अर्न्तगत Tower foundation को कार्य सकिसकेको छ भने १५ वटा मध्ये १३ वटा Tower erection को कार्य सम्पन्न भईसकेको छ । त्यसैगरी आयोजनाको Transmission line जोडिने Singati Substation मा Switchyard र Bus bar को Foundation Complete भई Installation को कार्य भईरहेको छ ।



**Power House Switch yard को कार्य प्रगति ।**



**Singati Substation मा Bus Bar को foundation**


सम्पादक : कृतिका भट्ट

यूनिभर्सल पावर कम्पनी लिमिटेड

त्रिपुरेश्वर ,काठमाडौं

फोन नं: ९७७ -४१०१०९७, ४२५१४६३,

ईमेल: info@universalpowercompany.com.np